नेपाल सरकार
कृषि तथा पशुपन्छीविकास मन्त्रालय
पशु सेवा विभाग

# राष्ट्रिय पशु प्रजनन् कार्यालय

नेपालगञ्ज, गौघाट , बाँके

को

## आ.व.२०८१/०८२ को दोस्रो त्रैमासिक तथा अर्धवार्षिक प्रगती सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) को प्रयोजनको लागि जारी गरिएको जानकारी

### कार्यालयको स्वरूप, प्रकृति र पृष्ठभुमी

साविकका मध्य र सूदुरपश्चिम विकास क्षेत्रमा कृत्रिम गर्भाधान सेवाको विस्तारका लागि आ.ब. २०४२/४३ मा स्थापित पशु प्रजनन् कार्यालय, बाँकेले हाल सूदुरपश्चिम प्रदेश र कर्णाली प्रदेश अन्तर्गतका सबै जिल्लाहरु एवं लुम्बिनी प्रदेश अन्तर्गतका रोल्पा, रुकुम, दाङ्ग, सल्यान, प्यूठान, बाँके र बर्दिया जिल्लामा पशु प्रजनन् सेवा सन्चालनमा सहजिकरण गर्ने गर्दछ। त्यसैगरी २०३६ सालमा बुल सेन्टरको रुपमा स्थापित पशु विकास फार्म गौघाट,बाँके नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६०/०८/०४ को निर्णयबाट चरन तथा घाँसेबाली बिऊ बृद्धि फार्ममा रुपान्तरण भई विभिन्न प्रजातीका भूईँ तथा डालेघाँसका बिऊ बेर्ना उत्पादन र वितरण कार्यमा संलग्न रहेको छ। संघीयता कार्यान्वयन संगै “सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७५” का आधारमा नेपाल सरकार मन्त्री परिषदको मिति २०७५/०३/२७ गतेको निर्णयबाट साविकका पशु प्रजनन् कार्यालय र चरन तथा घाँसेबाली बिऊ बृद्धि फार्मलाई एउटै व्यवस्थापन अन्तर्गत संचालन हुनेगरी राष्ट्रिय पशु प्रजनन् कार्यालय, नेपालगञ्ज, गौघाट, बाँकेमा रुपान्तरण भएको हो।

राष्ट्रिय पशु प्रजनन् कार्यालय, नेपालगञ्जले मूलतः पशु नश्ल सुधार तथा पशु आहारा विकासको माध्यमबाट निर्वाहमूखी रहँदै आएको पशुपालन व्यवसायलाई दिगो, भरपर्दो, नाफा मूलक र रोजगार प्रवर्द्धक व्यवसायको रुपमा स्थापित गर्दै यस क्षेत्रको व्यवसायिक एवं औद्योगिक रुपान्तरणका माध्यमबाट दूध र मासुमा आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने राष्ट्रिय लक्ष हासिल गर्नमा योगदान पुर्याउने किसिमले आफ्ना कार्यक्रम र गतिविधिहरु सन्चालन गर्ने गरेको छ। विगतमा पशु नश्ल सुधार तथा घाँसेबाली विऊ बृद्धि फार्मको रुपमा दुई फरक धारमा कृयाशिल कार्यलयहरुलाई संघियता कार्यान्वयन संगै परिमार्जित संगठन संरचना अनुसार एउटै कार्यालयको रुपमा स्थापित गरिए पश्चात् हाल यसले आफुलाई दोहोरो भूमिकामा उभ्याएको छ। एकातर्फ कृत्रिम गर्भाधान प्रविधिको विस्तार र अवलम्बनमा व्यापकता ल्याई न्यून उत्पादन क्षमतायुक्त स्थानिय नश्लका गाई, भैंसी र बाख्राको जातीय सुधार गरि दूध र मासुको उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्नमा सघाउ पुर्याउने तथा अर्कोतर्फ पशुजन्य उत्पादनको लागत मूल्य कम गर्दै प्रतिस्पर्धी क्षमताको विकास र सुदृढिकरणका लागि घाँसमा आधारित पशुपालन व्यवसाय प्रवर्द्धन गर्ने हेतुले उन्नत जातका पोषिला भुइँ र डालेघाँसका बिऊ र बेर्ना उत्पादन र वितरण गर्ने श्रोत केन्द्रको रुपमा समेत कृयाशिल रहेको छ।

लुम्बिनी प्रदेश अन्तरगतको बाँके जिल्ला २७.५१ उत्तर देखि २८.२० उत्तरी अक्षांस र ८१.३७ पूर्व देखि ८२.८० पूर्वी देशान्तर भित्र पर्दछ। बाँके जिल्ला सदरमुकामको रुपमा रहेको नेपालगंज बजार देखि १५ कि. मि पश्चिम तर्फ रहेको खजुरा गाउँपालिकाको वडा नं. २, गौघाटमा करिब ३४.४ हेक्टर क्षेत्रफलमा राष्ट्रिय पशु प्रजनन् कार्यालय अवस्थित छ। समून्द्रि सतह देखि १८३ मी. को उचाईमा रहेको र बार्षिक सरदर १५६१ मि.मि बर्षा हुने क्षेत्रमा अवस्थित यस कार्यालयको नेपालगञ्ज बजार स्थित बाँके बगियामा रहेको कार्यालयबाट समेत हुने गरेको छ। अर्थातः कार्यालय सम्बन्धि कार्य हाल नेपालगञ्ज र गौघाट गरि दुई स्थानबाट संचालन हुँदै आएको छ। यस कार्यालय मार्फत् सूदुरपश्चिम र कर्णाली प्रदेशका नौ-नौ वटा र लुम्बिनी प्रदेशका छवटा जिल्ला गरी कूल चौविस जिल्लामा कृत्रिम गर्भाधान सेवा

सन्चालनमा सहजिकरण हुँदै आएको छ।गौघाट स्थित कार्यालय मूलतः कृत्रिम गर्भाधान एवं कार्यालय परिसर ब्लक (ब्लक ए) र प्राकृतिक गर्भाधान एवं घाँसखेती ब्लक (ब्लक बी) गरि दूई खण्डमा विभाजित छ।

“ब्लक ए” लाई जमेको बीर्य उत्पादनका लागि राँगोसाँढे पालन, सिमेन प्रशोधन प्रयोगशाला सन्चालन, तरल नाइट्रोजन उत्पादन प्लाण्ट सन्चालन तथा अन्य प्राबिधिक र प्रशासनिक कृयाकलाप सन्चालन हुने क्षेत्रको रुपमा विकसित गरिंदै छ भने “ब्लक बी” मार्फत स्थानिय समुदायमा प्राकृतिक गर्भाधान सेवा प्रवाह र घाँसेबालीको बिऊ उत्पादन गर्ने कार्य हुने गरेको छ।

## यस कार्यालयबाट सम्पादन हुने मुख्य कामको विवरण

यस राष्ट्रिय पशु प्रजनन् कार्यालय नेपालगञ्ज, गौघाट, वाँकेबाट संचालन गरिने मुख्य मुख्यदेहाय बमोजिम छन्।

- राष्ट्रिय पशु प्रजनन् नीति तथा प्रादेशिक प्रजनन् रणनिति स्थानीय स्तरमा संचालनमा आवश्यक कार्ययोजना तथा दीर्घकालीन योजना बनाउनमा सहयोग गर्ने।
- कृत्रिम गर्भाधान कार्यक्रमका लागि आवश्यक पर्ने उच्च प्रजनन्मान भएको मुर्रा राँगो तथा शुद्ध खरी, वोयर तथा अन्य जातका वोकाबाट जमेको वीर्य उत्पादन गर्ने।
- नश्ल सुधारका लागि आवश्यक भाले पशु उत्पादनका लागि जातीय नश्ल सुधार कार्यक्रम संचालन गर्ने तथा कार्यक्रममा सहयोग गर्ने।
- विभिन्न भूगोल अनुसार पशु आनुवंशकी श्रोत संरक्षणका लागि लोपोन्मुख पशुको वीर्य संकलन गरी जिन वैंकस्थापना गर्ने।
- कृत्रिम गर्भाधान कार्यक्रम संचालनका लागि जमेको विर्य उपलव्ध गर्ने तथा तरल नाईट्रोजन उपलव्धतामा सहजिकरण गर्ने।
- उच्च प्रजनन् मानका दुधालु तथा मासुका लागि पालिने पशुको रेकर्ड, पहिचान, छनौट गरि सम्वन्धित फर्मलाई न्यूक्लियस हर्ड स्थापनाका लागि सहयोग गर्ने।
- फिल्ड कृत्रिम गर्भाधान कर्ता Artificial Inseminator तालिम संचालनका लागि प्राविधिक तालिम संचालनमा सहयोग तथा कृत्रिम गर्भाधानकर्ताको टेक्निकल अडिट गरि लाईसेन्स प्राप्तिका लागि सिफारिस दिने।
- सम्वन्धित क्षेत्रमा कार्यरत कृषि अनुसन्धान केन्द्र तथा अन्य संघ संस्थाहरु संग आवस्यक समन्वय गर्ने।
- वाँझोपन निवारण तथा पशु प्रजनन् विकृति कम गर्न वाँझोपन निवारण शिविर तथा अन्य कार्यक्रम संचालन गर्ने।
- जै, वर्षिम तथा स्टाईलो घाँसको मुल बिऊतथा प्रमाणित बिऊ उत्पादन गर्ने।
- नेपाल कृषि अनुसन्धान परिषदको अनुसन्धान वाट सिफारिस भई प्राप्त भएका जातका उष्ण प्रदेशिय घाँसको Nucleus seed प्राप्त गरि Foundation seed उत्पादन गर्ने।
- घाँसवालीको प्रमाणित विउ उत्पादन गर्न वाह्य श्रोत केन्द्रको स्थापना गर्ने।
- फार्मवाट उत्पादित उप- पदार्थको सदुपयोग गर्न Fodder Bank तथा Feed preservation पद्दतिको विकास गर्ने।
- चरन तथा घाँसेवालीसम्वन्धी कृषक स्तरिय तथा मध्यम स्तरीय प्राविधिकका लागि स्थलगत तथा व्यवहारिक तालिम संचालन गर्ने तथा अन्य निकायलाई प्राविधिक सहयोग गर्ने।
- स्वःस्थानीय रूपमा विभिन्न Eco-zone हरुमा रहेका रैथाने घाँस तथा घाँस आनुवांशिकश्रोतको पहिचान, संरक्षण तथा सदुपयोग गर्ने।

## यसकार्यालयमा रहने कर्मचारी संख्या र कार्यविवरण

यस कार्यालयमा विभिन्न सेवा समूह र श्रेणीका जम्मा २४ जना कर्मचारीको दरबन्दी रहेको छ . २०८१ पौष मसान्तमा दरबन्दीको विस्तृत विवरण देहाय बमोजिम छ .

| सि. नं. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्वीकृत | पदपुर्ति | रिक्त | कैफियत |
| १ | वरिष्ठ पशु विकास अधिकृत | रा.प.द्वि (प्रा.) | कृषि | ला.पो.एण्ड.डे.डे. | १ | ० | **१** | **पदपुर्ति भएका मध्ये १ जना पशु सेवा प्राबिधिक काजमा रहेका** |
| २ | पशु विकास अधिकृत | रा.प.तृ (प्रा.) | कृषि | ला.पो.एण्ड.डे.डे. | ३ | ३ | **०** | |
| ३ | पशु चिकित्सक | रा.प.तृ (प्रा.) | कृषि | भेटेरिनरी | १ | १ | ० | |
| ४ | पशु सेवा प्राविधिक | रा.प.अनं.प्र.(प्रा.) | कृषि | ला.पो.एण्ड.डे.डे. | ५ | ५ | ० | |
| ५ | लेखापाल | रा.प.अन. प्र.(प्र.) | प्रशासन | लेखा | १ | १ | ० | |
| ६ | नायब पशु सेवा प्राविधिक | रा.प.अन.द्वि.(प्रा.) | कृषि | ला.पो.एण्ड.डे.डे. | ५ | ५ | ० | |
| ७ | खरिदार | रा.प.अन.द्वि.(प्र.) | प्रशासन | सा. प्रशासन | १ | १ | **०** | |
| ८ | हलुका सवारी चालक | श्रेणी विहिन | ईजिनियरिङ्ग | मेकानिकल | २ | २ | **०** | १ करार |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सा. प्रशासन | ५ | ५ | ० | ५ करार |
| | | | | ***जम्मा*** | ***२४*** | ***२३*** | ***१*** | |

## विभिन्न पदहरुको कार्य विवरण

- वरिष्ठ पशु विकास अधिकृतःकार्यालयको प्रमुखको रुपमा कार्य गर्ने, कामको जिम्मेवारीको बाँडफांड गर्ने, पशु सेवा विभाग संग समन्वय गरी पशु सेवा विकास तथा पशु प्रजनन्संगसम्बन्धित विभिन्न नीति तथा कार्यविधीको कार्यान्वयन गर्ने/गराउने, मातहतका पशु विकास अधिकृत र पशु चिकित्सकहरूको सुपरिवेक्षण गर्ने आदि।
- पशु विकास अधिकृत र पशु चिकित्सकः कार्यालयको विभिन्न शाखाहरूमा सुपरभाइजरको रुपमा कार्य गर्ने, पशु सेवा प्राविधिक र नायव पशु सेवा प्राविधिकहरूको कामको जिम्मेवारीको बाँडफांड गर्ने, स्वीकृत कार्यक्रमहरूको कार्यान्वयन गर्ने/गराउने, कार्यालयको प्रमुख वा फोकल अधिकृत वा सूचना अधिकृतको रुपमा कार्य गर्ने, मातहतका कर्मचारीहरुको सुपरिवेक्षण गर्ने आदि।
- पशु सेवा प्राविधिकः कार्यालयमा रहेका विभिन्न शाखाहरूमा प्राविधिक सहायकको रुपमा कार्य गर्ने।
- लेखापाल : कार्यालय संचालनमा हुने सम्पूर्ण लेखा व्यवस्थापन गर्ने, लेखा शाखाको प्रमुखको रुपमा काम गर्ने आदि।
- नायव पशु सेवा प्राविधिकः कार्यालयमा रहेका विभिन्न शाखाहरूमा प्राविधिकसहायकको रुपमा कार्य गर्ने।
- खरिदार :प्रशासन संग सम्बन्धित सबै कार्य प्रशासन प्रमुखको रुपमा रहि काम गर्ने आदि। कार्यालय सञ्चालनका क्रममा आवश्यक विभिन्न चिठी पत्रहरू, फाईलहरू दर्ता वा चलानी तथा जिन्सी सामानहरूको अध्यावधिक अभिलेख राख्ने ।

## कार्यालयबाट प्रदान गरिने सेवा

यस कार्यालयबाट प्रदान गरिने प्रमुख सेवाहरुमा कार्यालयले हिउँदे, बर्षे तथा बहुबर्षे डाले एवं भूईँ घाँसहरुको प्रमाणित बिऊ उत्पादन र बिक्रि वितरणका अतिरिक्त उन्नत नश्लका राँगो, साँढे एवं बोकाहरुबाट कार्यालय आसपासका कृषकहरुले पालेका पशुबस्तुमा प्राकृतिक गर्भाधान सेवा समेत सन्चालन गर्दै आएको छ। त्यसैगरी आफ्नो कार्यक्षेत्र भित्रका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशु अस्पताल तथा पशु सेवा कार्यालय र स्थानिय तहहरुमा कृत्रिम गर्भाधान सेवा विस्तारको लागि तरल नाईट्रोजन तथा जमेको वीर्य वितरण गरी सेवालाई

प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेलेको छ भने यस कार्यालयबाट कृत्रिम गर्भाधान, पशु प्रजनन् तथा पशुपालन सँग सम्बन्धित विभिन्न प्रविधि तथा जानकारीहरू पनि कृषक समक्ष पुर्याउने लगायतका सेवा उपलब्ध गराउँदै आएकोछ।

## सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

कार्यालयबाट कार्य सम्पादन गर्न देहायको कामको लागि देहाय बमोजिमका जिम्मेवारी तोकिएको छ .

| क्रसं | सम्बन्धित शाखा | जिम्मेवार अधिकृत | निमित्त कार्यालय प्रमुख |
|---|---|---|---|
| १ | वीर्य / तरल नाइट्रोजन शाखा | डा. मिलन चौधरी | डा. खिमानन्द खनाल |
| २ | वितरण र व्यवस्थापन शाखा | डा. विश्वेश्वर प्रसाद खनाल | |
| ३ | न्युक्लियस हर्ड व्यवस्थापन शाखा | डा. मिलन पौडेल | |
| ४ | लेखा | श्री वोल कुमार राना | |
| ५ | प्रशासन शाखा | श्री माधव प्रसाद घोडासैनी | |

## सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी

यस कार्यालयको प्रमुख कार्य राँगो, साँढे तथा बोकाको जमेको वीर्य उत्पादन गर्ने, न्यूक्लियस हर्डको व्यवस्थापन, तरल नाईट्रोजन तथा जमेको वीर्य वितरणमा सहयोग गर्ने हो।यस कार्यालयबाट अन्य उपलब्ध गराउने देहायका सेवाहरूमा तपशिल बमोजिमको राजस्व लिने गरेको छ।

तपसिल

| सि.नं. | **उपलब्ध हुने सेवाहरू** | इकाई | परिमाण | **राजस्व दस्तुर रू.** |
|---|---|---|---|---|
| १ | वर्सिम घाँसको विउँ विक्री | के.जी | १ | रु २५० |
| २ | जै घाँसको विउँ विक्री | के.जी | १ | रु ४० |
| ३ | भेच घाँसको विउँ विक्री | के.जी | १ | रु १०० |
| ४ | टियोसेन्टी घाँसको विउँ विक्री | के.जी | १ | रु १०० |
| ५ | ज्वाइन्ट भेच घाँसको विउँ विक्री | के.जी | १ | रु ७५ |
| ६ | स्टाइलो घाँसको विउँ विक्री | के.जी | १ | रु ५५० |
| ७ | मुलाटो र सुम्बासेटेरीया घाँसको विउँ विक्री | वोट | १ | रु ०.५० |
| ८ | नेपियर घाँसको विउँ विक्री | सेट्स | १ | रु १.५ |
| ९ | डालेघाँसको विरुवा विक्री (बडहर, टाँकी, कोइरालो, बकाइनो, इपिलइपिल, किम्बु, मेन्डोला प्रति विरुवा) | वोट | १ | रु १० |
| १० | **प्रजनन् अयोग्य वोका जिवित तौल** | के.जी | १ | ३५० |
| ११ | तरल नाइट्रोजन | लिटर | १ | ३० |
| १२ | जमेको विर्य स्वदेशी/विदेशी | स्ट्र | १ | २५ |

## निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस कार्यालयले कार्य फछ्र्यौटको क्रममा समान्य प्रकृतिका विषयमा सम्बन्धित कार्यालयको स्टाफ बैठक, खरिद एकाईको बैठक, विभागीय नीतिनिर्देशनमा निर्णयमा पुग्ने गरेको छ भने कुनै विशेष निर्णयहरु गर्नुपर्दा माथिल्लो निकाय श्री पशु सेवा विभागको केन्द्रिय स्तरको बैठक तथा टिप्पणी आदेशबाट निर्णय प्रक्रिया सम्पन्न हुन्छ।

## निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस कार्यालयको सेवा प्रवाह वा कामको सन्दर्भमा कुनै गुनासो वा उजुरी भएमा जुन कर्मचारी वा अधिकृतको कामको विषयमा गुनासो वा उजुरी हो सो भन्दा एक तह माथिको सम्बन्धित अधिकृत वा कार्यालयका कार्यालय प्रमुख वा पशु सेवा विभाग उजुरी सुन्ने अधिकारी निकाय रहेको छ।

## सूचना अधिकारी र प्रमुखको नाम र पद

यस कार्यालयको सुचना अधिकारीको रुपमा पशु विकास अधिकृत, डा. मिलन कुमार चौधरी(९८५८०२८७५४) लाई तोकिएको छ।

## ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

यस कार्यालयसंग प्रत्यक्ष रुपमा सम्बन्धित ऐन, नियम तथा निर्देशिकाको विवरण यस प्रकार रहेको छ .
यसको विद्युतीय प्रति पनि कार्यालयको वेवसाइटमा पनि उपलब्ध छ।

१. राष्ट्रिय पशुपन्छी प्रजनन् नीति, २०७८
२. राष्ट्रिय कृषि नीति, २०६१
३. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र नियमावली २०५६
४ पशु सेवा विभागको कार्य सञ्चालन निर्देशिकाहरू
५. जमेको वीर्य उत्पादन मानक सञ्चालन प्रकृया
६. राँगो साढेपालन मानक सञ्चालन प्रकृया

## आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण

वजेट उपशीर्षक: पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रबर्द्धन कार्यक्रम, कार्यालय कोड : ३१२०२५७०२
निकाशा तथा खर्चको दोस्रो त्रैमासिक तथा अर्धवार्विक विवरण

| ब.सि.नं. | | वार्षिक विनियोजित बजेट | दोस्रो त्रैमासिक विनियोजन | दोस्रो त्रैमासिक निकासा/खर्च | अर्धवार्षिक अवधीको निकासा/खर्च | दोस्रो त्रैमासिक वितिय प्रगति प्रतिशत | अर्धवार्षिक अवधीको वितिय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| चालु | ३१२०२१०३३ | ५५१२५००० | १३४४0000 | 9237047.8८ | १८००२३९८.८८ | ६८.७५ | ६३.६१ |
| पुँजिगत | ३१२०२१०३४ | ७४४०००० | २०९०००० | 2567545.00 | ४०५९४१६.० | १२२.८५ | ५५.३७ |
| जम्मा | | ६२५६५००० | १५५३०००० | ११८०४५९२.८८ | २२०६१८१४.८८ | ७६.०३ | ६१.९० |

## संक्षिप्त विवरण

पूँजीगत तर्फको हाल सम्मको निकासा तथा खर्च रु.४०५९४१६
चालु तर्फको हाल सम्मको निकासा तथा खर्च रु.१८००२३९८.८८
हाल सम्मको निकासा तथा खर्च रु.२२०६१८१४.८८
हाल सम्मको वितिय प्रगती प्रतिशत चालु ३२.६६
हाल सम्मको वितिय प्रगती प्रतिशत पुँजीगत ५४.५६
हाल सम्मको वितिय प्रगती प्रतिशत पुँजीगत ३५.२६

## २०८१/०८२ को दोस्रो त्रैमासिक तथा अर्ध वार्षिक अवधिको संकलित गैर कर राजश्वको विवरण (रु.)

| क्र.सं. | मूख्य राजश्वको शिर्षकहरु | राजस्व रकम रु |
|---|---|---|
| १ | तरल नाईट्रोज बिक्री रु. | ५६१४२०.०० |
| २ | बिर्य बिक्री रु. | ९३४४००.०० |
| ३ | घाँसको बिउ बिक्री रु | ४१७३३५.०० |
| ४ | प्रा.ग. बाट रु. रु | ३९४५०.०० |
| ५ | अन्य प्रशासनिक शुल्क रु | २४०००.०० |
| ६ | वेरुजु दाखिला रु | १०१४३.०० |
| ७ | सरकारी सम्पतीको विक्रिवाट प्राप्त रु | ८४५२५.०० |
| ८ | धरौटी सदरस्याहा रु | ०.०० |
| ९ | विविध आम्दानी ( विमावाट प्राप्त ) रु | ९५०००.०० |
| | **जम्मा** | **२१६६२७३.००** |

## २०८१/०८२ को दोस्रो त्रैमासिक अवधि सम्मको महाँलेखा परिक्षक वेरुजु विवरण

| वेरुजु विवरण | २०८१ पौप मसान्त सम्म कायम वेरुजु | प्रथम त्रैमासिक अवधी सम्म फर्छौट वेरुजु | वेरुजु फर्छोट % | सम्परिक्षणका लागी पेश भएको वेरुजु | कुल वेरुजु वाँकी |
|---|---|---|---|---|---|
| विनियोजन | २९२४९०५५ | १०१४३ | ०.३५% | २८१३७००० | २९२५९१९८ |
| राजस्व | ० | ० | ० | ० | ० |
| जम्मा | २९२४९०५५ | १०१४३ | ०.३५% | २८१३७००० | २९२५९१९८ |

## चालु आ.व.को दोस्रो त्रैमासिक तथा अर्धवार्षिक अवधिमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण

आर्थिक वर्ष २०८१।०८२ दोस्रो त्रैमासिक तथा अर्धवार्षिक अवधिमा सञ्चालित कार्यक्रम र सोको प्रगति विवरण समेतको प्रतिवेदन प्रकाशन तथा सम्प्रेषण गरिएको हुँदा प्रतिवेदनबाट समेत थप र अन्य आवश्यक जानकारी प्राप्त हुनेछ । यसको विद्युतिय प्रति तथा भिडियोहरू कार्यालयको वेवसाइटमा पनि राखिएको छ ।

**कार्यालयले सञ्चालन गरेका मुख्य मुख्य कार्यक्रम र सोको प्रगति विवरण**
**आ. ब. २०८१/०८२ दोस्रो त्रैमासिक तथा अर्धवार्षिक अवधीमा भएको घाँसको विउँ उत्पादन /विक्री/ स्टक विवरण**

| क्र.स. | घाँसको प्रजाति | इकाई | आ.व.२०८०/०८१ को स्टक | दोस्रो त्रैमासिक अवधीमा भएको उत्पादन | जम्मा उत्पादन | घाँसको विउँ विक्री | घाँसको विउँ विक्रि हुन वाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | जै | के.जि. | ८६९४.० | ०.० | ८६९४.० | ६८७९. | १८१५. |
| २ | टियोसेन्टी | के.जि. | १९३.५ | ७११०.० | ७३०३.५ | ५०. | ७२५३.५ |
| ३ | ज्वाईँन्ट  भेच | के.जि. | २९.० | ०.० | २९.० | ० | २९. |
| ४ | बर्षीम | के.जि. | ६७७.५ | ०.० | ६७७.५ | ३८१.५ | २९६. |
| ५ | स्टाईलो | के.जि. | ०.० | ०.० | ०.० | ० | ०. |
| ६ | भेच | के.जि. | ४७१.० | ०.० | ४७१.० | ४१२. | ५९. |
| ७ | डाले घाँस (बोट) | वोट | ०.० | ०.० | ०.० | ० | ०. |
| ८ | नेपियर | सेट्स | ०.० | ०.० | ०.० | ४००. | ०. |
| ९ | भुँइ घाँसमुलाटो | वोट | ०.० | ०.० | ०.० | ० | ०. |
| **जम्मा** | | | **१००६५.०** | **७११०.०** | **१७१७५.०** | **८१२२.५** | **९४५२.५** |

## आ. ब.२०८०।०८१ र २०८१/०८२ दोस्रो त्रैमासिक तथा अर्धवार्षिक अवधीको तरल नाइट्रोजन तथा विर्य सम्वन्धी तुलनात्मक विवरण

| क्र स | विवरण | इकाई | आ. ब.२०८०।०८१ को  दोस्रो त्रैमासिक तथा अर्धवार्षिक | आ. ब. २०८१/०८२ को  दोस्रो त्रैमासिक तथा अर्धवार्षिक |
|---|---|---|---|---|
| १ | तरल नाइट्रोजन खरिद | लि. | २२०९५ | २११६५ |
| २ | तरल नाईट्रोजन वाष्पीकरण | लि. | ९७१ | ३१७४.७५ |
| ३ | तरल नाइट्रोजन वितरण | लि. | १८७१४ | १३३७८ |
| ४ | तरल नाईट्रोजन कार्यालयमा प्रयोग | लि. | २४३० | ४६३५ |
| ५ | जमेको वीर्य वितरण | डोज | ३७३७६ | ३४४८५ |
| ६ | कृत्रिम गर्भाधान | सँख्या | २२६७५ | १८१४१ |
| ७ | जमेको वीर्य उत्पादन | डोज | ५२१३५ | ८१८११ |

## प्राकृतिक गर्भाधान सेवा सम्वन्धी विवरण

| क्र स | विवरण | संख्या |
|---|---|---|
| १ | गाई | ५८ |
| २ | भैसी | ३०४ |
| ३ | वाख्रा | १८८ |
| जम्मा | | ५५० |

## विर्य उत्पादन/प्राकृतिक गर्भाधानका लागि पालिएका पशुसंख्या

| विवरण | साँढे | राँगो | वोका | वाख्री | जम्मा |
|---|---|---|---|---|---|
| कृत्रिम गर्भाधान तर्फ | ८ | १२ | ८ | ४ | ३२ |
| प्राकृतिक गर्भाधान तर्फ | ४ | ३ | ६ | २ | १४ |
| कुल जम्मा | १२ | १५ | १४ | ६ | ४७ |

**सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण**
यस कार्यालयको वेवसाईट [www.nlbonepalgunj.gov.np](http://www.nlbonepalgunj.gov.np)नियमित अध्याबधिक गरी राखिएको छ ।
**सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**

वैदेशिक सहायता, ऋण तथा प्राविधिक सहयोग प्राप्त नभएको ।

**सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी**छैन ।

**सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय**

हालसम्म लिखित रुपमा कुनै पनि सूचना माग सम्वन्धि निवेदन परेको छैन .

**सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण**

यस कार्यालयबाट प्रदान गर्नु पर्ने सूचनाहरु कार्यालयको वेभसाईट www.nlbonepalgunj.gov.npतथा सूचना पाटि, राष्ट्रिय दैनिक तथा साप्ताहिक पत्रपत्रिकामा प्रकाशन गर्ने गरिएको छ।

**सम्पर्क ठेगाना**

यस कार्यालयसँग सम्बन्धित विषयमा थप जानकारी चाहिएमा कार्यालयको बेभसाइट www.nlbonepalgunj.gov.npमा हेर्न वा कुनै समस्या, सुझाब भएमा देहायको ठेगानामा सम्पर्क राख्न सकिनेछ।

राष्ट्रिय पशु प्रजनन् कार्यालय,नेपालगंज,गौघाट,वाँके
फोन नं. : ९८५८०३७०२०
ईमेलः lbo.nepalgunj@gmail.com,वेवसाईटः  www.nlbonepalgunj.gov.np